नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ती विरुद्धको कसूर ।

मि.नं. ३४६, दायर मिति-:२०८०-०९-२६

फैसला मिति-२०८०-१०-२९

वादी

प्र.स.नि.राजेश्वर मण्डल समेतको प्रतिवेदनले नेपाल सरकार----१

प्रतिवादी

भारत बिहार पुर्वी चम्पारण मोतिहारी जिल्ला रक्सौल थाना रक्सौल वडा नं.४ बस्ने बर्ष ३५ को राजकुमार सिंह-----------------------------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीले विभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्‍याई अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।

२. विभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्‍याई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. विभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुर्‍याई अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिनोद कुमार यादव समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा मिति २०८०।९।२ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१४ स्थित ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुर्‍याएकोले प्रतिवादी राजकुमार सिंहलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा यस कार्यालयमा उपस्थित भई प्रतिवादीले गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी राजकुमार सिंहलाई कैद २४ दिन र जरिवाना रु १,८००। - गर्ने र तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम रु २००।- क्षतिपुर्ति शुल्क निर्धारण गरिएको छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी राजकुमार सिंह मिति २०८०-०९-०२ गते देखि २०८०-०९-२५ सम्म थुनामा बसेको देखिँदा ठेकिएको कैद २४ दिन कट्टा भईसकेकोले जरिवानाको हकमा मिति २०८०-०९-२६ गते र.नं. ३०७ बाट दाखिला गरेको धरौटी रकम रु २,०००।- जरिवाना रकम रु १,८००।- कट्टा गर्न र पिडित राहत कोषमा रु २००- दाखिला गर्न लेखा शाखालाई पत्र लेख्नु।----------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा दुबै पक्षलाई चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलिरहनु परेन। -------------------------------------------------------------------------------१

३. जिल्ला सरकारी वकिल कार्यालय ,पर्सालाई फैसलाको प्रतिलिपि साथै राखि फैसलाको जानकारी दिनु---१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल माघ महिना २९ गते रोज २ / ने.सं. ११४४ सिल्लाथ्व ३,सोमबार शुभम् ............